(२) आरोपित पदाधिकारीमाथि भएको कुनै पनि कार्बाहीका बिषयमा निज कुनै राजनीतिक दलसंग आवद्ध भएको हकमा सम्बन्धित राजनितिक दललाई जानकारी गराउनुपर्ने ।

**२३. कार्वाहीको बिबरण सार्वजनिक गर्नुपर्नेः**

आचारसहिताको कार्यान्वयनको सम्वन्धमा पदाधिकारीमाथि भएका कावाहीका बिबरण आमजानकारिका लागि स्थानीय तहको सुचनापाटी र स्थानीय पत्रपत्रिकामा प्रकाशित गर्नुपर्नेछ। सोको जानकारी राजनीतिक दलहरू, सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, निर्वाचन आयोग, प्रदेश सरकारका सम्वन्धित विभाग/निकाय, स्थानीय प्रशासनलाई गराउनु पर्नेछ ।

## भाग – ५
## विविध

**२४. आचारसहिताको पालन गर्नु पदाधिकारीको कर्तव्य हुनेः**

यो आचारसंहिताको पालना गर्नु पदाधिकारीको जिम्मेवारी तथा कर्तव्यको एक अभिन्न अंगको रूपमा रहनेछ ।

**२५. पदाधिकारीलाई आचारसहिताको जानकारी दिनुपर्नेः**

यो आचारसहिता स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूलाई अनिवार्य रूपमा जानकारी दिइ हस्ताक्षर गराई लागू भएकाु जानकारी सार्वजनिक गर्नु पर्नेछ ।

**२६. आचारसहिता बारेमा जानकारी गराउनेः**

(१) स्थानीय तहका पदाधिकारीको यो आचारसंहिता तथा यस आचारसहितामा समय समयमा भएको सशोधनको बिबरण तथा आचारसहिताको कार्यान्वयनको बिबरणहरूको जानकारी बार्षिकरूपमा स्थानीय तहका राजनीतिक दलहरू, सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा प्रदेश सरकारका सम्वन्धित निकायलाइ गराउनुपर्नेछ ।

(२) यस आचारसंहिताको दफा १४ बमोजिम गठित अनुगमन समितिले आफ्नो बार्षिक प्रतिवेदन सभाको सम्वन्धित समिति मार्फत सभामा पेश गर्नुपर्नेछ ।

**२७. आचारसहिताका कायान्वयनमा राजनीतिक दलका सहयोगः**

(१) कुनै पदाधिकारीबाट यस आचारसहिताको उल्लंघन भएको ठहर भएमा निजमाथि लागेका आरोप तथा सो सम्बन्धमा सिफारिश भएको कार्वाहीको

बिबरण समेत सम्बन्धित पदाधिकारी सम्बद्ध राजनीतिक दललाई जानकारी गराउनुका साथै सार्वजनिक समेत गर्नु पर्नेछ ।

(२) जाँचवुझका आधारमा पदाधिकारी उपर कार्वाहीका लागि भएको सिफारिशको कार्यान्वयन गर्ने वा सचत गराउने काममा सरकारी निकाय एंव राजनीतिक दलहरूको सहयोग लिन सकिनेछ ।

२८. आचारसंहितामा सशोधनः

(१) कार्यपालिकाबाट आचारसंहितामा संशोधन गर्न सकिनेछ ।

(२) आचारसहितामा भएको संशोधनको जानकारी सम्बन्धित सबै पदाधिकारी, कर्मचारी, तथा सरोकारवालाहरूलाई दिनुपर्नेछ ।

(३) निर्वाचन आचारसहितामा भएको संशोधनको व्यहोरा आम जनताका जानकारीका लागि सार्वजनिक गर्नुपर्नेछ ।

(४) नगरपालिकाले आफ्ना स्थानीय विशिष्ठता, कार्य प्रकृति र आवश्यकता अनुसार यस आचार संहितामा समय समयमा थप व्यवस्था समावेश गरी लागू गर्न सकिनेछ ।